# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जामुनबारी झापा
# १ नं प्रदेश  नेपाल

## नदीजन्य पदार्थ संकलन क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्वन्धी ठेक्का आव्हानको सूचना

*(प्रथम पटक प्रकाशन मिति २०७५/०५/१७)*

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४,आन्तरिक आयको ठेक्का ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ तथा नगरपालिकाको आर्थिक ऐन २०७५ मा भएको व्यवस्था बमोजिम नगर कार्यपालिकाको मिति २०७५।०५।०७ गतेको निर्णय अनुसार आर्थिक बर्ष २०७५।७६ का लागि वोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तमा विरिङ्गखोलाको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा नै लगाइने सडक सुधार शुल्क सम्वन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने  भएकोले उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी १५ दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्वन्धी कागजात खरिद गरी देहायको मिति समय र स्थानमा शिलबन्दी बोलपत्र पेश गर्नु हुन अनुरोध छ । साथै E- bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहाने इच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/epg बाट पनि बोलपत्र पेश गर्न सक्नु हुने छ ।

| सि नं | आय ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम विक्री हुने अन्तिम मिति | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | kanakai/IR/05/075-76 | विरिङ्ग क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधानबाट संकलन क्षेत्रमा नै लिइने सडक सुधार शुल्क | ३३,५०,०००/- | ३०००/- | २०७५/०५/३१ कार्यालय समय भित्र | २०७५/०६/०१ दिनको १२:०० बजे भित्र | २०७५/०६/०१ दिनको २:०० बजे |

**<u>शर्तहरु</u>**

१. योग्यबोलपत्रदाताहरूलेयस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यपालिकाको कार्यालय जामुनवारी झापामा वा ०२३ ४०११५५ वा kanakai.mun@gmail.commा सम्पर्क राख्न सक्नेछन्

२. योग्यबोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु कनकाई नगरपालिकाबाट लिखित निवेदन पेश गरी मिति **२०७५/०५/३१**गते कार्यालय समय भित्रमा प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र भ्याट दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०७३।७४ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि बोलपत्र सम्बन्धी कागजातको दस्तुररु ३०००।(फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।साथै E-bidding मार्फत वोलपत्र खरिद गर्न चाहाने वोलपत्रदाताले बोलपत्र फारम खरिद गर्दा भुक्तान गर्नु पर्ने रकम यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको संचित कोष खाता नं १४७०३००००००००४००१००२ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्ने छ ।

३. शिलबन्दी वा E-bidding मार्फत वोलपत्र दाखिला गर्ने ब्यक्ति नेपाली भएमा कवोल अंकको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको धरौटी खाता नं १४७०३००००००००३००००२ मा जम्मा गरी भौचर पेश गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क बर्गको बैंकबाट यस कार्यलयको नाममा जारी भएको १२० दिन म्याद भएको विडवण्ड धरौटी स्वरुप पेश गर्नु पर्ने छ ।

४. शिलबन्दी गरिएको बोलपत्र कनाकाई नगरपालिकाको कार्यालयमा मा मिति २०७५/०६/०१ गते दिउसो १२:०० बजे  भित्रमाबुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा कनकाई नगरपालिकाको कार्यालयमा मिति २०७५/०६/०१ गते दिउसो २:००बजे खोलिनेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।

७. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

८. उल्लेखित ठेक्का स्वीकृत भए पश्चात सम्झौता गर्नु पूर्व सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ कर बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

९. वोलपत्र फारम जसको नामामा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्ने छ ।

१०. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

११. वोलपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासीब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी कालोसूचीमा राखिने छ ।

१२. ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा१० प्रतिशत छुट दिइने छ । किस्ताबन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कवोल गरेको कुल रकम ३ (तिन) किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता **कूल अंकको ५० प्रतिशत** रकम सम्झौता गर्नु अगावै वुझाउनु पर्नेछ । **दोस्रो** किस्ता **कूल अंकको ३० प्रतिशत रकम** मंसिर मसान्त र तेस्रो किस्ता**कूल अंकको २० प्रतिशत** रकम **चैत्रमसान्त** भित्र वुझाउनु पर्नेछ । साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोश्रो र तेश्रो किस्ताको रकम बरावरको जमानत वापत नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकवाट सम्झौता अवधि सम्मको बैक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

१३. किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१४. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

१५. यस नगरपालिकालाई रकम वुझाउनु पर्ने वा बाँकी वक्यौता भएका तथा कालो सूचीमा परेका व्यक्ति वा फर्महरुको बोलपत्र स्वीकार गरिने छैन ।

१६ ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असूल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असूल उपर गरिने छ र त्यस्तो फर्मलाई कालोसूचीमा समेत राखिने छ ।

१७. ठेक्का संझौताको अवधि नगरपालिका र ठेकेदार विच संझौता भए पश्चात लागू भई २०७६ जेठ मसान्त सम्म कायम रहने छ ।

१८. सडक सुधार शुल्क विरिङ्ग खोलाको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा मात्रै उठाउन पाइने छ ।

१९. यो खोला बाहेक अन्यवाट ढुवानी गर्ने सवारी साधन तथा अन्य प्रयोजनमा प्रयोग हुने सवारी साधनबाट यो सडक सुधार शुल्क संकलन गर्न पाइने छैन ।

२०. सडक सुधार शुल्क उठाउन राजमार्ग तथा सडक क्षेत्रमा कुनै ढाट तथा अवरोध राख्न पाइने छैन ।

२१. कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न पाइने छैन साथै त्यस्तो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन ।

२२. यो शुल्क नगरपालिकाको आर्थिक ऐन २०७५ मा उल्लेख भएको दर भन्दा बढी उठाउन पाइने छैन । तोकिएको दर भन्दा बढी वा तोकिएका ढुवानी साधन भन्दा अन्य सवारी साधनबाट उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२३. सडक सुधार शुल्कको दर रेट सम्वन्धी विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराइनेछ ।

२४. ठेक्का सम्वन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२५. बोलपत्र मूल्याङ्कन गर्दा मूल्य अभिवृद्धी कर (VAT) बाहेको कवोल अंकलाई आधार लिइने छ ।

...........................

.प्रमुख प्रशासकीय अधिकृत